# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ६ मितिः २०७९/०९/०१

# भाग-२

# खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधी, २०७९

**कार्यपालिकाबाट स्विकृत मितिः २०७९।०९।२०**

**प्रस्तावनाः**
सिस्ने गाउँपालिका भित्र स्वच्छ खानेपानीको पहूँच सबै गाउँबासिहरुमा पुर्‍याउने उद्देश्यले सिस्ने गाउँपालिकाको जलाधार संरक्षण तथा जलस्रोत उपयोग सम्बन्धी ऐन, २०७६ तथा सिस्ने गाउँपालिकामा जलस्रोत सम्बन्धमा व्यवस्था गर्न वनेको नियमावली- २०७७ बमोजिम स्वच्छ खानेपानीको ब्यबस्थापन गर्न खानेपानी उपभोक्ता समितिहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले सिस्ने गाँउ कार्यपालिकावाट स्वीकृत भई खानेपानी उपभोक्ता समिति ब्यवस्थापन कार्यबिधि बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**
(१) यस कार्यबिधिको नाम “खानेपानी उपभोक्ता समिति ब्यवस्थापन कार्यबिधि, २०७९” रहेको छ।
(२) यो कार्यबिधि सिस्ने गाउँपालिका भित्र लागु हुनेछ।
(३) यो कार्यबिधि तत्काल प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :

(क) “खानेपानी” भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनुपर्छ।

(ख) “स्थानीय अधिकारी” भन्नाले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ग) “समिति” भन्नाले विधान अनुसार गठन भएको खानेपानी उपभोक्ता समिति सम्झनु पर्छ।

(घ) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस कार्यबिधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

ङ) “संस्थाको सम्पत्ति” भन्नाले मुहान क्षेत्र, त्यस भित्रको भौतिक संरचना तथा समितिको जिम्मामा रहेका अन्य जिन्सी तथा नगदलाई सम्झनुपर्छ।

च) “सेवा क्षेत्र” भन्नाले समितिले तोकेको खानेपानी वितरण गर्ने चार किल्ला सहित तोकिएको सेवा क्षेत्र सम्झनुपर्छ।

(छ) “सरसफाइ” भन्नाले गाउँपालिका क्षेत्र भित्रको ढल तथा फोहोर व्यवस्थापन समेतलाई बुझाउँछ।

**३. दर्ता नगरी उपभोक्ता समिति खोल्न नहुने** : यस कार्यबिधि बमोजिम दर्ता नगरी कसैले पनि समिति स्थापना गर्नु हुँदैन।

**४. खानेपानीको मूल उपभोगको लागि दर्ता गर्नुपर्नेः** गाउँपालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (डिपबोरिङ्ग सतही मूल) बाट सङ्कलन गरी खानेपानी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो मूलसहित आधिकारिक खानेपानी उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ। खानेपानी उपभोक्ता समितिले

खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नका लागि खानेपानी सङ्कलन गर्ने उत्पादनको मुख्य श्रोत मुहान (मूल) उपभोग दर्ताको लागि गाउँपालिका समक्ष माग गर्नु पर्नेछ। डिपबोरिङ्ग गर्नुपर्दा गाउँपालिकाको स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ । माग भए पछि निम्न अनुसारको खानेपानी मूल उपभोग दर्ता समितिले मूल दर्ता गर्न मिल्ने अवस्था देखिएमा मूल उपभोग दर्ता सहितको अनुमति दिन सक्नेछ ।

१) संयोजक– गाउँपालिका अध्यक्ष

२) सदस्य — गाउँपालिका उपाध्यक्ष

३) सदस्य – सम्बन्धित वडाका अध्यक्ष

४) सदस्य सचिव – प्रमुख प्रशासकीय अधिकृत

(२) समितिले आवश्यक ठानेमा खानेपानीसँग सम्बन्धित इन्जिनियरलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ।

**५. समिति दर्ताः** (१) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले समिति सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निबेदन दिनु पर्नेछः-

(क) समितिको नाम

(ख) उद्देश्यहरु

(ग) समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) कार्यालयको ठेगाना ।

(२) उपदफा (१) वमोजिमको निबेदन प्राप्त भएपछि स्थानीय अधिकारीले खानेपानी मूल उपभोग दर्ता समितिको निर्णयानुसार समिति दर्ता गर्न उचित ठानेमा समिति दर्ता गरी प्रमाण-पत्र दिनेछ ।

(३) यस दफा अर्न्तगत दिइने प्रमाणपत्रको ढाँचा अनुसूची–१ बमोजिम हुनेछ ।

(४) दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नवीकरण गर्नु पर्नेछ । दर्ता दस्तुर रु १,००० (एक हजार), नवीकरण दस्तुर वार्षिक रु ५०० (पाँच सय) तिर्नु पर्नेछ ।

(५) दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नवीकरण गर्नु पर्नेछ । दर्ता दस्तुर रु १,००० (एक हजार), नवीकरण दस्तुर वार्षिक रु ५०० (पाँच सय) तिर्नु पर्नेछ ।

**६. समिति संगठित मानिनेः** (१) यस कार्यबिधि अन्तर्गत दर्ता भएको समिति हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

**७. संस्थाको सम्पत्तिः** (१) तोकिएका मुहान क्षेत्र, भौतिक संरचना, समितिको मौज्दातमा रहेको नगद तथा जिन्सी समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट फिर्ता लिई समितिलाई बुझाइदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित अदालतमा उजुर गर्न सक्नेछ ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समितिको कुनै सदस्य उपर प्रचलित कानुनबमोजिम गाउँपालिकाले कारबाही चलाउन सक्नेछ ।

(४) उपदफा (१) वमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तीले पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(५) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा बिराम गरेमा समिति, समितिको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानुन बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

**८. यसअघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्ने :**

(१) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानुनबमोजिम सूचीकृत भई वा नभई स्थापना भएका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधिबमोजिम गाउँपालिकामा दर्ता गराउनु पर्नेछ । दर्ता नगराएमा त्यस्ता समितिहरुको खाता रोक्का गरी वडा मार्फत सम्पूर्ण हरहिसाब निरीक्षण गरी उपभोक्ताहरुको भेला गराई नयाँ समिति गठन गरी दर्ता गर्न सक्नेछ । जिल्ला जलस्रोत समिति वा अन्य सरकारी निकायमा पहिले दर्ता भइसकेको समितिहरुका लागि दर्ता हुनका लागि गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**९. समितिको उद्देश्यहरुमा हेरफेर** : (१)समितिको उद्देश्यहरुमा हेरफेर गर्न आवस्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो समितिले तत्सम्बन्धि प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको बिधान बमोजिम साधारण सभा बोलाउनु पर्ने छ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभावाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागु गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृती लिनु पर्नेछ ।

**१०. समितिको वर्गीकरण :** दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको व्यवस्थापनवाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य सङ्ख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको वर्गीकरण हुनेछ ।

१) १००१ जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको (क) वर्ग,

२) ५०१ देखि १०००  जना उपभोक्ता सदस्य भएको (ख) वर्ग र

३) ५०० जनासम्म उपभोक्ता सदस्य भएको (ग) वर्ग

**११. तदर्थ समिति गठन गर्न सकिने** : यस अघि दर्ता स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समिति गठन प्रक्रिया पूरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधि पूरा भएका उपभोक्ता सदस्यहरुमध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतको आवश्यक प्रक्रिया काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

**१२. संघ गठन गर्न सकिने** : दर्ता स्वीकृति प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुमध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँस्तरीय खानेपानी तथा सरसफाइ उपभोक्ता संघ गठन गरी सोही संघको मातहतमा प्रत्यक्ष रेखदेख सहयोगसमेत रहने गरी अन्य सम्पूर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

**१३. हिसावको विवरण पठाउनु पर्ने**: प्रबन्ध समितिले आफ्नो समितिको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानीय अधिकारी कहाँ पठाउनु पर्नेछ ।

**१४. हिसाब जाँच गर्ने**: (१) स्थानीय अधिकारीले आवस्यक देखेमा समितिको हिसाव आफुले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत स्थानीय अधिकारीले हिसाव जाँचवाट देखिन आएको समितिको मौज्दाद रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफुले निर्धारण गरेको दस्तुर असूल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाब जाँचेको प्रतिबेदन स्थानीय अधिकारी समक्ष पेश गर्नु पर्ने छ र सो प्रतिबेदनको आधारमा समितिको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीवाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून वमोजिम कारवाही चलाउन सक्नेछ । तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**१५. निर्देशन दिने**ः गाउँपालिकाले समितिलाई आवस्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**१६. दण्ड सजाय**ः (१) दफा ५ बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा समिति सञ्चालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही पाँच हजार रुपैयाँसम्म जरिवाना गरी प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

(२) दफा (१३) बमोजिम हिसाबको विवरण नपठाएमा संचालक समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा (१३) उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१४) उपदफा (२)बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । दफा (९) बमोजिम गाउँपालिकाको स्वीकृति नलिई समितिको उद्वेश्यमा हेरफेर गरेमा वा अर्को समितिसँग गाँभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

**१७. समिति को बिघटन वा त्यस्को परिणाम** : (१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।
(२) उपदफा (१) बमोजिम बिघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

**१८. समिति संचालन**ः समितिले आफ्नो बिधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वत बिघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म समिति संचालन गाउँपालिकाले गर्नेछ ।

**१९. खारेजी वा बचाउ** : (१) खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यबिधि लागु हुनु पुर्ब जलस्रोत ऐन २०४९ अन्तर्गत दर्ता भएका समिति यसै कार्यबिधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

**अनुसुची-१**
**(दफा ५ को उपदफा (५)सँग सम्बन्धित)**
**दर्ता प्रमाणपत्रको ढाँचा**

# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**रुकुमकोट, रुकुम (पूर्व)**

# खानेपानी उपभोक्ता समिति दर्ता
## प्रमाण पत्र

**दर्ता मिति :**
**दर्ता नं. :**

**श्री ....................................,**

**रुकुम (पूर्व)** जिल्ला सिस्ने गाउँपालिका वडा नं. अन्तर्गत श्री ......................................... उपभोक्ता समिति सिस्ने गाउँपालिकाको खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम मिति ............................को निर्णयानुसार दर्ता गरी, सिस्ने गाउँपालिकाको खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम आफ्नो कार्य सञ्चालन गर्ने गरि यो यो प्रमाणपत्र प्रदान गरिएको छ।

सही:
नाम थर :
पद :

**मितिः २०७९।०९।०१**

**आज्ञाले,**

**विकास विक्रम शाह**
**प्रमुख प्रशासकीय अधिकृत**